# टिप्पणी

## जायजन्म

जायजन्म वा मातृत्व भनेको कुनै जनानाले कति छोरा छोरी पायेकिछ, सो कुरालाई उल्लेख गर्दछ । यो प्रश्न १५ वर्ष र सो भन्दा माथिका विवाह भई सकेका जनानाहरुलाई मात्र सोधनी गरिएको छ । जनानाले पायेका छोरा छोरीहरुको गिन्ती गर्दा जिउदै पाएका बालक बालिकाहरुको मात्र गिन्ती भएको छ । जिउदै पाएको भन्नाले जन्मदा जिउदै जति सवै तर गर्भ भित्रै तुही मरेका वाहेक हुन । धर्मपुत्र पालेकोलाई जन्माउने आमापट्टिवाट नै लेखिएको छ र त्यस्तै एक भन्दा बढी लोग्ने हुनेहरुको सवै लोग्नेवाट भएको जायजन्मको जम्मा संख्या लेखिैको छ ।

हाम्रो जस्तो शिक्षित नारीहरुको संख्या ज्यादौ कम भएको देशमा धेरै जसो नारीहरुलाई आफ्नो जायजन्मको संख्याको पनि संभ्कना रहंदैन, संम्फेर राम्ररी लेखाउन सकदैनन् खास गरेर त्यस्तावालकहरु जो जन्मदा जिउदै जन्मेका तर तत्कालै मरेर गएकाहरुको गणना त विकशित देशका शिक्षित नारीहरुवाट पनि छुटन जाने संभव हुन्छ । तसर्थ उपरोक्त कारणहरु, अरु मानोवैज्ञानिक कारणहरु र यस्तो जायजन्म सम्वन्धि प्रश्न २०१८ सालको गणनामा पहिलो पटक मात्र सोधिएको हुँदा पनि लगत गरिन आएका वालकहरुको संख्यामा स्मरण त्रुटि (Memory Error) रहन जानु अवश्यमभावी छ । तर कति मात्रामा यस्तो स्मरण त्रुटी रहेको छ भन्ने कुरा अरु पूरक सूचनाहरुको अभावमा ठोकुवा गरेर भन्न सकिदैन । साथै यस्तो किसिमको लगतमा शुन्य त्रुटि (Zero Error) पनि रहन सक्ने संभावनालाई पनि विर्सिनु हुदैन ।

अव विभिन्न प्रदेशहरुमा जायजन्म संवन्धि कस्तो स्थिति थियो तलको तालिका नं. ५ वाट स्पष्ट हुन्छ ।

तालिका नं. ५ – जायजन्म भएका नारीहरु (प्रतिशतमा) शैक्षिकस्तर तथा प्रदेश अनुसार (क्रमशः)।

## २०१८ नेपाल

| प्रदेश | जायजन्म भएकाहरु प्रतिशतमा | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | शिक्षा भएको | शिक्षा नभएको | | जम्मा | शिक्षा भएको | शिक्षा नभएको |
| नेपाल | १००.० | १००.० | १००.० | | १००.० | १.३ | ९८.७ |
| पूर्व पहाड | १९.४ | ९.५ | १९.५ | | १००.० | ०.७ | ९९.३ |
| पूर्व भित्री मधेश | २.० | ०.५ | २ | | १००.० | ०.३ | ९९.७ |
| पूर्व तराई | २३.८ | ३७.४ | २३.७ | | १००.० | २.१ | ९७.९ |
| काठमाडौ उपत्यका | ४.६ | २५.८ | ४.४ | | १००.० | ७.४ | ९२.६ |
| पश्चिम पहाड | २१.३ | १०.२ | २१.४ | | १००.० | ०.६ | ९९.४ |
| सुदूर पश्चिम पहाड | १८.३ | ५.६ | १८.४ | | १००.० | ०.४ | ९९.६ |
| मध्ये भित्री मधेश | २.४ | १.३ | २.४ | | १००.० | ०.७ | ९९.३ |
| पश्चिम भित्री मधेश | ०.९ | १.३ | ०.९ | | १००.० | १.९ | ९८.१ |
| पश्चिम तराई | ४.६ | ५.१ | ४.६ | | १००.० | १.५ | ९८.५ |
| सुदूर पश्चिम तराई | २.७ | ३.३ | २.७ | | १००.० | १.६ | ९८.४ |

उपरोक्त तालिका अनुसार नेपाल अधिराज्य भरिको जायजन्म भएका शिक्षा भएका जम्मा नारीहरुलाई १०० % प्रतिशत र जायजन्म भएका शिक्षा नभएका नारीहरुलाई १०० % प्रतिशत मानि विभिन्न प्रदेशहरुमा जायजन्म भएका नारीहरुको के कति प्रतिशत पर्दो रहेछ भनि हेर्दा सवै भन्दा धेरै प्रतिशत पूर्व तराइमा (३७.४% प्रतिशत शिक्षा भएका र २३.७% प्रतिशत शिक्षा नभएका) त्यसपछिको दोश्रो सवैभन्दा धेरे प्रतिशत शिक्षा भएकाहरुमा काठमाडौ उपत्यकामा (२५.८ % प्रतिशत) र शिक्षा नभएका नारीहरुमा पश्चिम पहाडमा (२१.४% प्रतिशत) रहको पाउदछौ । त्यस्तै जायजन्म भएका नारीहरुको सवै भन्दा थोरै प्रतिशत भएको प्रदेशहरुमा शिक्षा भएका नारीहरु तर्फ पूर्व भित्री मदेशमा (०.५ % प्रतिशत) र शिक्षा नभएकाहरु तर्फ पश्चिम भित्री मदेशमा (०.९ % प्रतिशत) भएको देखिन्छ ।

त्यस्तै फेरि प्रत्येक प्रदेशका जायजन्म भएका जम्मा नारीहरुलाई १००% प्रतिशत मानि शिक्षा भएका कति प्रतिशत र शिक्षा नभएका कति प्रतिशत रहेछन भनि हेर्दा काठमाडौ उपत्यकामा शिक्षा भएका ७.६ % प्रतिशत र शिक्षा नभएका ९२.६% प्रतिशत त्यसपछि पूर्व तराइमा शिक्षा भएका २.१ % प्रतिशत र शिक्षा नभएका ९७.९% प्रतिशत र पूर्व भित्री मदेशमा शिक्षा भएका ०.३ % प्रतिशत र शिक्षा नभएका ९९.७ % प्रतिशत भएको पाइन्छ ।

अव जाय जन्म भएका नारीहरुमा एउटा मात्रै जायजन्म भएकाहरु कति प्रतिशत रहेछन, दुई जायजन्म हुनेहरु कति प्रतिशत र तीन, चार, पाँच, इत्यादि जायजन्म हुनेहरु कति प्रतिशत औ शुन्य जायजन्म हुनेहरु अर्थात १५ वर्ष माथिका विवाह भई सकेका जनानाहरुमा छोराछोरी एउटा पनि नहुनेहरुको विभिन्न प्रदेशहरुमा के कस्तो प्रतिशत रहेछ भन्ने कुरा तलको तालिका नं (६) मा शिक्षा भएका र शिक्षा नभएका नारीहरु बेग्ला वेग्लै देखिने गरि दर्शाएको छ ।

तालिका नं ६:– जायजन्म भएका नारीहरु (प्रतिशतमा) शैक्षिक स्तर

र जिउदै पाएको बच्चाहरुको संख्या प्रदेश अनुसार (क्रमशः) ।

२०१८ नेपाल

शिक्षा :– भएको

| प्रदेश | जम्मा | ० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | नखुलेको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | १००.० | २२.२ | १६.८ | १३.९ | ११ | ८.५ | ५.८ | ४.४ | ३ | १.९ | १.३ | ०.८ | ०.५ | ०.३ | ०.१ | ०.२ | ९.३ |
| | | | | | | | | | | | | | | | | | |
| पूर्व पहाड | १००.० | २५.५ | १३.८ | १०.८ | ८.३ | ६.७ | ५.४ | ४.८ | ३.८ | २ | १.९ | १ | ०.८ | ०.५ | ०.१ | ०.३ | १४.३ |
| पूर्व भित्री मधेश | १००.० | ३२.८ | १०.६ | १३.८ | ८.५ | ७.९ | ५.८ | ५.८ | २.७ | २.१ | ०.५ | ०.५ | १ | ० | १.६ | – | ८.४ |
| पूर्व तराई | १००.० | १९.९ | १८.२ | १५.५ | १२.३ | ९ | ५.८ | ४.१ | २.४ | १.३ | ०.८ | ०.५ | ०.३ | ०.१ | ०.१ | ०.१ | ९.६ |
| काठमाडौ उपत्यका | १००.० | २२.९ | १७.७ | १४.२ | ११.५ | ८.७ | ६.१ | ४.३ | ३.५ | २.४ | १.७ | १.२ | ०.७ | ०.५ | ०.२ | ०.३ | ४.१ |
| पश्चिम पहाड | १००.० | २४.९ | १४.१ | १२ | ९.५ | ७.६ | ६.३ | ४.४ | ३.२ | २.३ | १.७ | ०.९ | ०.२ | ०.४ | ०.१ | ०.२ | १२.२ |
| सुदूर पश्चिम पहाड | १००.० | २०.७ | १४.८ | १२ | ९.२ | ८.३ | ५.५ | ५.१ | ३.२ | २.३ | १ | १.१ | ०.७ | ०.३ | ०.२ | ०.४ | १५.२ |
| मध्ये भित्री मधेश | १००.० | २२.४ | १५.२ | १४.६ | ८.२ | ६.५ | ४.६ | ३.२ | ३.८ | १.३ | १.१ | ०.४ | ०.२ | ०.४ | ०.२ | – | १७.९ |
| पश्चिम भित्री मधेश | १००.० | २२.५ | १४.२ | ११.२ | ११.२ | ९.१ | ५.३ | ५.३ | ४.९ | ४.२ | २ | १.२ | ०.४ | ०.२ | – | ०.२ | ८.१ |
| पश्चिम तराई | १००.० | २४.५ | १६.३ | १४ | ११.४ | ९ | ५ | ४.३ | २.४ | २.१ | १ | ०.७ | ०.३ | ०.२ | ०.१ | ०.१ | ८.६ |
| सुदूर पश्चिम तराई | १००.० | २२.५ | १५.८ | १२.९ | १०.१ | ८.९ | ६.६ | ५.३ | २.४ | २.३ | १.१ | ०.६ | – | ०.४ | ०.१ | ०.२ | १०.८ |

## तालिका नं ६:– जायजन्म भएका नारीहरु (प्रतिशतमा) शैक्षिक स्तर र जिउदै पाएको बच्चाहरुको संख्या प्रदेश अनुसार (क्रमशः) ।

### २०१८ नेपाल

शिक्षा :– नभएको

| प्रदेश | जम्मा | ० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | नखुलेको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | १००.० | १५.७ | १३.३ | १२.८ | ११.४ | १०.३ | ८ | ६ | ४.६ | ३.१ | २.१ | १.३ | ०.७ | ०.४ | ०.२ | ०.२ | ९.९ |
| | | | | | | | | | | | | | | | | | |
| पूर्व पहाड | १००.० | १६.५ | ११.८ | ११ | १०.१ | ९.७ | ८.४ | ६.९ | ५.८ | ४ | २.९ | २ | १ | ०.६ | ०.३ | ०.३ | ८.७ |
| पूर्व भित्री मधेश | १००.० | १७.६ | १३.३ | १२ | १०.८ | १०.१ | ८.३ | ६.८ | ५.८ | ३.९ | २.८ | १.७ | ०.९ | ०.४ | ०.२ | ०.२ | ५.२ |
| पूर्व तराई | १००.० | १३.७ | १५.६ | १५.८ | १३.५ | ११.१ | ७.२ | ४.३ | २.५ | १.३ | ०.७ | ०.४ | ०.२ | ०.१ | – | – | १३.६ |
| काठमाडौ उपत्यका | १००.० | १८ | १३.१ | ११.९ | १०.४ | ९.५ | ७.९ | ६.२ | ५.३ | ३.९ | २.७ | १.९ | १ | ०.८ | ०.३ | ०.३ | ६.८ |
| पश्चिम पहाड | १००.० | १५.८ | १२.६ | ११.९ | १०.७ | १०.१ | ८.२ | ६.८ | ५.३ | ३.६ | २.६ | १.७ | ०.९ | ०.५ | ०.३ | ०.३ | ८.६ |
| सुदूर पश्चिम पहाड | १००.० | १७.२ | १३ | १२.४ | ११.१ | १०.२ | ८ | ६.२ | ४.८ | ३.४ | १.९ | १.३ | ०.६ | ०.५ | ०.१ | ०.२ | ९.१ |
| मध्ये भित्री मधेश | १००.० | १४.२ | १२.७ | ११.७ | १०.५ | ९.६ | ८.१ | ६.७ | ५.८ | ४ | ३.२ | २ | १.२ | ०.६ | ०.३ | ०.३ | ९.१ |
| पश्चिम भित्री मधेश | १००.० | १०.९ | ११.५ | १०.८ | ११ | १०.६ | ९.२ | ८.८ | ७.४ | ५.६ | ३.४ | २.५ | १.२ | ०.९ | ०.२ | ०.२ | ५.८ |
| पश्चिम तराई | १००.० | १६.१ | १४.७ | १३.९ | ११.६ | १०.३ | ७.४ | ५.४ | ३.८ | २.८ | १.४ | १.१ | ०.४ | ०.३ | ०.१ | ०.१ | १०.६ |
| सुदूर पश्चिम तराई | १००.० | १२.१ | ११.९ | १२.१ | ११.२ | १०.७ | ८.८ | ६.५ | ५.३ | ४.२ | २.३ | १.९ | ९ | ०.५ | ०.२ | ०.२ | ११.२ |

उपरोक्त तालिका नं. ६ अनुसार नेपाल अधिराज्य भरी शिक्षा भएका नारीहरुमा शुन्य जायजन्म हुनेहरु (२२.२% प्रतिशत), एक जायजन्म हुनेहरु (१६.८ % प्रतिशत) र दुई जायजन्म हुनेहरु (१३.९ % प्रतिशत) तीन जायजन्म हुनेहरु (११.० % प्रतिशत) र चार र सो भन्दा बढी जायजन्म हुनेहरु (२६.८% प्रतिशत) भएको देखिन्छ र (९.३% प्रतिशत) नारीहरुको जायजन्म खुल्न नसकेको पाइन्छ । अर्थात शिक्षा भएका नारीहरुमा शुन्य जायजन्म हुनेहरु (२२.२% प्रतिशत) १-३ सम्म जायजन्म हुनेहरु (४१.७% प्रतिशत) र ४ जोड जायजन्म हुनेहरु (२६.८ % प्रतिशत पार्न आएको पाइन्छ । शिक्षा नभएका नारीहरु तर्फ भने शुन्य जायजन्म हुनेहरु (१५.७ % प्रतिशत) १–३ सम्म जायजन्म हुनेहरु (३७.५% प्रतिशत) र चार र सो भन्दा माथि जायजन्म हुनेहरु (३६.९% प्रतिशत) भएको देखिन्छ । अनि ( ९.९% प्रतिशत) शिक्षा नभएका नारीहरुको जायजन्म खुल्न नआएको पाइन्छ । यस किसिमसंग जायजन्म संबन्धमा शिक्षा भएका र शिक्षा नभएका नारीहरुमा भएको भिन्नता स्पष्ट संग झल्कन्छ ।

शिक्षा भएका नारीहरु तर्फ शुन्य जायजन्म हुने नारीहरुको प्रतिशत सवैभन्दा धेरै पूर्व भित्री मदेशमा (३२.८% प्रतिशत) र शिक्षा नभएका नारीहरु तर्फ काठमाडौं उपत्यकामा (१८.० % प्रतिशत) भएको देखिन्छ । अनि १–३ सम्म जायजन्म हुनेको सवै भन्दा धेरै र सवै भन्दा कम प्रतिशत शिक्षा भएका नारीहरु तर्फ क्रमश: पूर्व तराई (४६.०% प्रतिशत) र पूर्व पहाड र पूर्व भित्री मदेशमा (३२.९% प्रतिशत) देखिन आउछ । शिक्षा नभएका नारीहरु तफ पनि सवै भन्दा धेरै प्रतिशत पूर्व तराइमा (४४.९% प्रतिशत) र सवैभन्दा कम प्रतिशत पूर्व पहाडमा (३२.९% प्रतिशत) भएको पाइन्छ त्यस्तै ४ र सो भन्दा माथी जायजन्म हुने नारहिरुमा शिक्षा भएकाहरु तर्फ सवै भन्दा धेरै प्रतिशत पश्चिम भित्री मदेशमा (३२.८% प्रतिशत) र सवैभन्दा कम प्रतिशत मध्य भित्री मदेशमा (२१.७% प्रतिशत) पर्न आएको देखिन्छ र शिक्षा नभएका नारीहरु तर्फ भने सवैभन्दा धेरै प्रतिशत पश्चिम भित्री मदेशमा (५०.०% प्रतिशत) र सवैभन्दान कम प्रतिशत चाहि पूर्व तराईमा ( २७.८% प्रतिशत) भएको पाइन्छ ।

जायजन्म सम्वन्धी लगत नखुलेका नारीहरुको प्रतिशतमा शिक्षा भएका नारीहरु तर्फ सवै भन्दा धेरै प्रतिशत मध्य भित्री मदेशमा (१७.९ % प्रतिशत) र शिक्षा नभएका नारीहरु तर्फ पूर्व तराइमा (१३.६ % प्रतिशत) पर्न आएका छन् । सवै भन्दा कम प्रतिशत चाहि शिक्षा भएका नारीहरु तर्फ काठमाडौ उपत्यकामा (४.१% प्रतिशत) र शिक्षा नभएकाहरु तर्फ पूर्व भित्री मदेशमा (८.२% प्रतिशत) भएको देखिन्छ ।

## जायजन्म शहरी र ग्रामीण क्षेत्र अनुसार

जायजन्म संबन्धी विस्तृत विवेचना यो भन्दा अघिनै भई सकेको हुदाँ यहाँ शहरी क्षेत्र र ग्रामीण क्षेत्रका नारीहरुको जायजन्म संबन्धी अनुभवमा के कस्तो भिन्नत रहेछ त्यस्को मात्र छलफल गरिन्छ। शहरी क्षेत्र र ग्रामीण क्षेत्रका नारीहरुको जायजन्म संबन्ध अनुभव तलको तालिका देखाएको छ।

### तालिका नं १ जायजन्म प्रतिशतमा, जिउदै जन्मेको बच्चाको संख्या प्रदेश अनुसार (क्रमशः)

### २०१८ नेपाल

| बच्चाको सख्या | शहरी क्षेत्र | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | जम्मा | ० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३+ | नखुलेको |
| नेपाल | १००.० | १७.०९ | १४.९४ | १३.२४ | ११.१४ | ९.४७ | ७.३२ | ५.७८ | ४.५७ | ३.६२ | २.३६ | १.७४ | ०.८६ | ०.७२ | ०.५५ | ६.६ |
| पूर्व पहाड | १००.० | ११.६५ | ९.८९ | ९.६८ | ८.६५ | ९.३७ | ७.३५ | ६.७७ | ६.८३ | ४.९४ | ४.४३ | २.७३ | १.५६ | ०.८५ | ०.८५ | १४.४४ |
| पूर्व भित्री मधेश | १००.० | | | | | | | | | | | | | | | |
| पूर्व तराई | १००.० | १३.८९ | १६.७६ | १५.५३ | १२.६२ | १०.०४ | ७.३४ | ५.०९ | ३.२१ | २.०२ | १.३५ | ०.८७ | ०.४४ | ०.२६ | ०.२४ | १०.३४ |
| काठमाडौ उपत्यका | १००.० | १८.४२ | १४.५२ | १२.४९ | १०.६५ | ९.१४ | ७.२१ | ६ | ५.०६ | ४.१८ | २.७१ | २.०३ | १.०१ | ०.८५ | ०.६८ | ५.०५ |
| पश्चिम पहाड | १००.० | १४.३ | १४.४९ | १३.०१ | १०.४७ | ९.९७ | ८.१५ | ६.१४ | ४.१ | २.७७ | २.६१ | २.०९ | ०.९४ | १.०२ | ०.५२ | ९.४२ |
| सुदूर पश्चिम पहाड | १००.० | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – |
| मध्ये भित्री मधेश | १००.० | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – |
| पश्चिम भित्री मधेश | १००.० | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – |
| पश्चिम तराई | १००.० | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – | – |
| सुदूर पश्चिम तराई | १००.० | १८.४६ | १३.९२ | १३.५२ | ११.५२ | १०.८८ | ८.१ | ५.६७ | ४.१६ | ४.१४ | १.६६ | १.४९ | ०.५ | ०.७ | ०.५३ | ४.७५ |

तालिका नं १ जायजन्म प्रतिशतमा, जिउदै जन्मेको बच्चाहरुको संख्या प्रदेश अनुसार (क्रमशः)

२०१८ नेपाल

| बच्चाको सख्या | ग्रामीण क्षेत्र | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | जम्मा | ० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३+ | नखुलेको |
| नेपाल | १००.० | १५.६९ | १३.३२ | १२.८३ | ११.३७ | १०.२४ | ७.९६ | ६.०२ | ४.५८ | ३.१४ | २.०५ | १.३४ | ०.६८ | ०.४३ | ०.३४ | १०.०१ |
| पूर्व पहाड | १००.० | १६.५३ | ११.८५ | ११.०३ | १०.०६ | ९.६९ | ८.३४ | ६.८९ | ५.७८ | ४ | २.९१ | १.९५ | १.०१ | ०.६२ | ०.६ | ८.७४ |
| पूर्व भित्री मधेश | १००.० | १७.६२ | १३.२९ | १२.०५ | १०.७६ | १०.०५ | ८.३४ | ६.७६ | ५.७६ | ३.८७ | २.७६ | १.७३ | ०.९२ | ०.४५ | ०.४६ | ५.१८ |
| पूर्व तराई | १००.० | १३.७९ | १५.६ | १५.७६ | १३.५४ | ११.०८ | ७.२४ | ४.२४ | २.४९ | १.२९ | ०.७२ | ०.३५ | ०.१५ | ०.०७ | ०.०५ | १३.६३ |
| काठमाडौ उपत्यका | १००.० | १८.३४ | १२.५७ | ११.७२ | १०.३७ | ९.६ | ८.२१ | ६.१७ | ५.२ | ३.४७ | २.६२ | १.६५ | ०.९३ | | ०.६३ | ७.८८ |
| पश्चिम पहाड | १००.० | १५.९ | १२.५५ | ११.९१ | १०.७३ | १०.०२ | ८.३२ | ६.७६ | ५.३१ | ३.६५ | २.५९ | १.६८ | ०.९३ | ०.५५ | ०.४९ | ८.६१ |
| सुदूर पश्चिम पहाड | १००.० | १७.१८ | १३.०३ | १२.४६ | ११.०६ | १०.१६ | ७.९७ | ६.२१ | ४.७४ | ३.३७ | १.९३ | १.३ | ०.६ | ०.४९ | ०.३१ | ९.१९ |
| मध्ये भित्री मधेश | १००.० | १४.२६ | १२.६७ | ११.६८ | १०.४८ | ९.५४ | ८.०७ | ६.७१ | ५.७६ | ३.९९ | ३.२३ | १.९६ | १.१८ | ०.६४ | ०.५५ | ९.२८ |
| पश्चिम भित्री मधेश | १००.० | ११.१७ | ११.५२ | १०.८१ | १०.९७ | १०.५४ | ९.१८ | ८.६८ | ७.३ | ५.५७ | ३.३ | २.५ | १.१६ | ०.८९ | ०.४६ | ५.९५ |
| पश्चिम तराई | १००.० | १६.१९ | १४.७७ | १३.८७ | ११.६३ | १०.२३ | ७.४ | ५.४३ | ३.६६ | २.८३ | १.४३ | १.०९ | ०.४३ | ०.२९ | ०.१९ | १०.५६ |
| सुदूर पश्चिम तराई | १००.० | ११.८४ | ११.८९ | ७.०६ | ११.२३ | १०.६८ | ८.७८ | ६.५४ | ५.२७ | ४.१४ | २.३६ | १.९१ | ०.८६ | ०.५२ | ०.३४ | ११.५८ |

उपरोक्त तालिका अनुसार प्रत्येक प्रदेशका शहरी र ग्रामीण दुवै क्षेत्रहरुका १५ वर्ष र सो भन्दा माथिका विवाह भई सकेका जम्मा नारीहरुलाई १००– १०० % प्रतिशत मानी, तिनीहरुले जिउँदै जन्माएका वालकहरुको संख्या अनुसार शुन्य वालक जन्माउने, एक वालक जन्माउने, दुई वालक जन्माउने इत्यादि विभिन्न तहमा के कति प्रतिशत पर्दो रहेछ भनि हेर्दा संम्पूर्ण नेपाल अधिराज्यमा ० शुन्य वालक जन्माउने आर्थात एउटा पनि छोरा चोरी नपाउने जनानहरु शहरी क्षेत्र तर्फ १७.०९ % प्रतिशत ग्रामीण क्षेत्र तर्फ १५.६९ % प्रतिशत भएको पाउदछौं । अनि विभिन्न प्रदेशहरुमा ० शुन्य वालक जन्माउने नारीहरुको सवैभन्दा धेरै प्रतिशत शहरी क्षेत्र तर्फ सुदूर पश्चिम तराई (१८.४६% प्रतिशत) र काठमाडौ उपत्यका (१८.४२ % प्रतिशत) र ग्रामीण क्षेत्र तर्फ काठमाडौ उपत्यका (१८.३४ %प्रतिशत) र पूर्व भित्री मदेश (१७.६२ %प्रतिशत) प्रदेशहरुमा भएको पाइन्छ । ० शुन्य बालक जन्माउने नारीहरुको सवै भन्दा थोरै प्रतिशत चाहि क्षेत्र तर्फ पूर्व पहाड (११.६९ % प्रतिशत) र ग्रामीण क्षेत्र तर्फ पूर्व पहाड पश्चिम भित्री मदेश (११.१७% प्रतिशत) प्रदेशहरुमा भएको देखिन्छ ।

अनि संपूर्ण नेपाल अधिराज्यको शहरी क्षेत्र तर्फ पूर्व पहाड प्रदेश एक र ग्रामीण क्षेत्र तर्फ पूर्व पहाड मध्य मधेश , पश्चिम भित्री मधेश र सुदूर पश्चिम तराई चार प्रदेशहरु बाहेक अरु सवै प्रदेशहरुमा ५० % प्रतिशत भन्दा पनि केही बढी नारीहरुको शुन्य देखि तीन (०–३) सम्म मात्र जायजन्म भएको देखिन्छ ।

जायजन्मको संख्या खुलाउन नसक्ने अथवा संख्या नखुलेका नारीहरुको प्रतिशत पनि सवै प्रदेशहरुमा धेरै नै देखिन्छ, शहरी क्षेत्र तर्फ पूर्व पहाड प्रदेशमा सवै भन्दा धेरै प्रतिशत १४.४४ % र ग्रामीण क्षेत्र तर्फ पूर्व तराईमा १३.६३ % प्रतिशत भएको पाइन्छ ।